मोफसलको लोकप्रिय राष्ट्रिय दैनिक

# नव तिलोत्तमा

बुटवल 94.4 mhz एफ.एम

वर्ष १९ | अंक ९३ | ०८१ माघ २५ गते शुक्रबार | 2025 Feb. 07 Friday | पृष्ठ संख्या ४ | मुल्य रू. ४

**ग्राहक महानुभावहरुमा अनुरोध**

- नियमित पत्रिका नआएमा।
- विज्ञापनहरु दिनु परेमा।
- ग्राहक बन्नु परेमा।
- समयमा पत्रिका प्राप्त न भएमा।

नव तिलोत्तमा

बुटवल-१० कालिकानगर, रुपन्देही

फोन: ०७१-४३८५७४

## लामिछानेलाई ५४ लाख रुपैयाँ धरौटीमा रिहा गर्न चितवन अदालतको आदेश



तिलोत्तमा/काठमाण्डौ, २४ माघ। जिल्ला अदालत चितवनले पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई धरौटीमा रिहा गर्न आदेश दिएको छ । न्यायाधीश दयाराम ढकालको इजलासले लामिछानेलाई ५४ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको हो।

सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको बचत रकम हिनामिनाबारे मुद्दा दर्ता भएपछि लामिछाने बुधबार अदालतमा उपस्थित हुनु भएको थियो । बुधबार थुनछेकको बहस नसकिएपछि रवि प्रहरी हिरासतमा बस्नु भएको थियो। सहारा चितवन सहकारीको बचत रकम हिनामिना गरेको आरोपमा लामिछानेसहित १५ जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर भएको छ। सहारा सहकारी ठगीमा अभियुक्तको स८्या ३२ जना पुगेको छ। रवि लामिछाने यसअघि कास्कीबाट ६५ लाख, काठमाण्डौबाट ६० लाख र सुप्रिम सहकारी ठगीमा रुपन्देही अदालतबाट १ करोड रुपैयाँ धरौटीमा छुट्नु भएको थियो।

## विद्युत् मिटरले ल्यायो सुस्तावासीमा खुसी




रासस/नवलपरासी, २४ माघ । नागरिकताको अभावमा पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ स्थित सुस्तावासीमा विद्युत् मिटर जडानको समस्या समाधान हुने भएपछि सुस्तावासी खुसी भएका छन्।

सुस्तावासीलाई एक वर्षसम्म निःशुल्क रुपमा विद्युत् उपलब्ध गराउने विषयमा थप पहल थालिएको हो ।यस अगावै सुस्तामा बसोबास गरेको भए पनि नागरिकता नहुँदा अधिकांश परिवारको विद्युतीय मिटर जडानको समस्या रहँदै आएको थियो। नेपाल विद्युत् प्रधिकरणले सुस्ता गाउँपालिकाको सिफारिसका आधारमा सुस्तावासीलाई विद्युत् मिटर जडानको प्रक्रिया अघि बढाएपछि सुस्तावासी खुसी भएका हुन्। यसका लागि लुम्बिनी प्रदेश सरकारका वन तथा वातावरणमन्त्री एवं यस क्षेत्रबाट निर्वाचित प्रदेशसभा सदस्य देवकरणप्रसाद कलवारसहितको टोली काठमाडौँ पुगेर प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसँग भेट गरी सो समस्या समाधान गर्न प्रक्रिया अघि बढाएको हो।

"हामीले निकै पहल गर्‍यौं, अब पक्कै सुस्तावासीले बिजुली बाल्न पाउने छन् भन्ने विश्वास छ", मन्त्री कलवारले भन्नुभयो । विद्युत् प्राधिकरण लुम्बिनी प्रादेशिक कार्यालयका प्रमुख हरिप्रसाद पाण्डेले मिटर जडानका लागि स्थानीय तहको सिफारिसका आधारमा मिटर उपलब्ध गराउन निर्देशन भएको जानकारी दिनुभयो । नागरिकता नभएकै कारण लामो समयपछि बिजुली पुगेको सुस्तामा त्यहाँका कयौँ घरधुरीले बत्ती बाल्न पाएका छैनन् । सुस्ताका झण्डै एक सय ४० घर परिवारसँग नागरिकता नभएका कारण मिटर जडान हुन नसकेको अवस्था छ।

सुस्तावासीको हकमा एक वर्ष विद्युत् निःशुल्क गर्ने भनेर निर्णय भइसकेकाले अब छिट्टै नै सम्बन्धित निकायमा कार्यान्वयन हुनेबारे प्रतिबद्धता भएको सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जयसवालले जानकारी दिनुभयो । नागरिकताबिना विद्युत् मिटर जडानको सिफारिस नहुने हुँदा मिटर जडान हुनबाट उनीहरू बञ्चित हुँदै आएका छन् । कतिपयले जगाको लालपुर्जासमेत नहुँदा व्यापार व्यवसाय गर्नसमेत पाएका छैनन्।

## लोक संस्कृति संरक्षणमा चासो बढ्यो

रासस/रामपुर (पाल्पा), २४ माघ । कला, संस्कृति मानव जीवनका सिकाइ भएकाले यहाँ लोक संस्कृति संरक्षण गर्न थालिएको छ । कला, संस्कृति संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले रामपुर महोत्सव तथा व्यापार मेलाको आयोजना गरी लुकेर रहेका प्रतिभा प्रस्फुटन गर्ने अवसर प्रदान गरिएको हो ।व्यक्तिभित्र लुकेर रहेका कला, संस्कृतिलाई उजार गर्न रामपुर मेलाले एउटा अवसर सिर्जना गरेको स्थानीय बताउँछन्। यही माघ १५ गतेदेखि सुरु भई २७ गतेसम्म सञ्चालन हुने 'चौँथो रामपुर महोत्सव तथा व्यापार मेला'मा लोकदोहोरी प्रतियोगितामार्फत लुकेर रहेका प्रतिभालाई अवसर प्रदान गरिएको हो।

लोकदोहोरी प्रतियोगिताको उपाधि नमस्ते होटल पाल्पाको समूहले हात पारेको छ। दोहोरीको अन्तिम प्रतिस्पर्धामा राष्ट्रिय लोक तथा गीत प्रतिष्ठान पाल्पालाई पछि पार्दै नमस्ते होटेलले उपाधि जित्दै नगद रु ५१ हजार एक सय ११ र प्रमाणपत्र प्राप्त गरेको छ। नमस्ते होटलको तर्फबाट दिपेन्द्र पौडेल र सीता भण्डारीले प्रतियोगितामा सहभागी भई प्रतिस्पर्धामार्फत उपाधि हात पार्नुभएको दोहोरी गीत प्रतियोगिताका संयोजक एवं राष्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठान केन्द्रिय अध्यक्ष नारायण खनाल 'लेकाली' ले जानकारी दिनुभयो।

उपविजेता समूह बनेको राष्ट्रिय लोक तथा गीत प्रतिष्ठानले नगद रु ३१ हजार एक सय ११ र प्रमाणपत्र प्राप्त गरेको छ। यस समूहमा सुमन थापा र सीमा सारुले प्रतिनिधित्व गर्नुभएको थियो। पृथ्वी टेलिभिजन रामपुर र होटल श्रीनगर रामपुरले समान अङ्क प्राप्त गर्दै तृतीय स्थान ओगट्दै प्रतिसमूह नगद रु २१ हजार एक सय ११ र प्रमाणपत्र प्राप्त गरेका छन्। पृथ्वी टेलिभिजनको तर्फबाट तोयानाथ विक र विपना खनाल तथा श्रीनगर होटलबाट विष्णु आजात र भुवन अधिकारीले प्रतिनिधित्व गर्नुभएको थियो । प्रतियोगितामा आठ समूहको सहभागिता थियो।

राष्ट्रिय लोक तथा गीत प्रतिष्ठान स्याङ्जाका सुदिप सापकोटा उत्कृष्ट गायक र चापाकोटका मनिषा पोखरेल उत्कृष्ट गायिका घोषित हुनुभएको छ । लोकदोहोरीका नयाँ प्रतिभाहरूको खोजी, प्रतिभा प्रस्फुटन र मौलिकताकोसंरक्षणगर्नप्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ ।लोकदोहोरी गीतको मौलिकतालाई जोगाउन र प्रवर्द्धन गर्न प्रतियोगितात्मक कार्याक्रम आयोजना गरिएको रामपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष भोजेन्द्रप्रकाश ढकालले बताउनुभयो । "आधुनिकतासँगै युवा पुस्तामा लोकदोहोरीको महत्व घट्दै जाँदा यसको मौलिकता हराउँदै जान थालेकाले संरक्षण र प्रवर्द्धन गर्न यहाँ प्रतियोगिताको आयोजना गरिएको हो । यस कार्यक्रमबाट कला, संस्कृतिमा रुचि भएका नवकलाकार उत्पादन हुनुभएको छ", उहाँले भन्नुभयो।

यस्ता प्रतियोगितात्मक कार्यक्रमले लोकदोहोरी गीतको परम्परागत मौलिक संस्कृतिको जगेर्ना गरी नयाँ प्रतिभा उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अध्यक्ष ढकालले विश्वास व्यक्त गर्नुभयो । आधुनिकतासँगै लोकदोहोरीको मौलिक भाका लोप हुन थालेकाले मौलिकता जोगाउन र युवा पुस्तालाई आकर्षित गर्न मेला, महोत्सवले सहयोग पुऱ्याउने उहाँको भनाइ छ । आमनेसामने भएर दोहोरी गाउने चलन छ। यसमा माया, प्रेम, हाँसो, रोदन, मिलन, विछोड जस्ता विषय समेटेर दोहोरीमा गाउने गरिन्छ। गाउँघरमा हुने दोहोरी प्रतियोगिताबाट धेरै नयाँ कलाकार जन्मेका छन् । ठट्यौली पारामा गाउने दोहोरीले धेरैको मन तानिरहेको हुन्छ। लोक संस्कृतिले मानव जीवनको गाथा, व्यथालाई बोलिरहेको हुन्छ।

## सूर्तीजन्य पदार्थको बट्टामा घातक चित्र छाप्नुपर्ने निर्देशिका स्वीकृत




रासस/काठमाडौँ, २४ माघः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'सूर्तीजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अङ्कित गर्ने निर्देशिका २०८१' स्वीकृत गरेको छ ।मन्त्रालयले उक्त निर्देशिका स्वीकृत गर्दै चेतावनीमूलक सन्देश र घातक रङ्गीन चित्र नभएका सूर्तीजन्य पदार्थ उत्पादन, दरिखबिक्री गर्न नपाउने जनाएको हो।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले निर्देशिका स्वीकृत गर्दै आगामी भदौ १ गतेदेखि सूर्तीजन्य पदार्थको बट्टामा अनिवार्य रूपमा सतप्रतिशत घातक चित्र छाप्नुपर्ने नियम कार्यान्वयनमा आएको बताउँदै सबैले उक्त नियम पालन गर्न/गराउन समन्वय गर्नुपर्नेमा जोड दिनुभयो । स्वीकृत भएको मितिले एक सय ८०औँ दिनदेखि लागू हुने निर्देशिकामा उल्लेख छ ।यसअघि भएको ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश छाप्नुपर्ने व्यवस्था थियो।

विभिन्न अध्ययनले कतिपय देशमा यस्ता चेतावनीमूलक सूचनाले सूर्ती तथा चुरोट छाड्नेको सङ्ख्या वृद्धि हुने देखाएकाले नेपालमा पनि सतप्रतिशत चेतावनीमूलक सन्देश र चित्र छाप्ने व्यवस्था गरिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बताउनुभयो ।उहाँले नेपालमा यस्तो चेतावनीले काम गरिरहेकामा संशोधित निर्देशिकाले सूर्ती तथा चुरोटको प्रयोगकर्ता घट्ने र क्यान्सर तथा अन्य घातक रोगमा कमी आउने अपेक्षा गरिएको बताउनुभयो । उहाँका अनुसार नेपालको तथ्याङ्क हेर्ने हो भने वार्षिक ३७ हजारको सूर्तीजन्य पदार्थको सेवनबाट ज्यान जाने गर्दछ ।सूर्तीजन्य पदार्थ सेवनको असरबाट भएको घातक, रङ्गीन चित्र प्रष्ट रूपमा बुझ्ने र देख्नेगरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नुपर्ने निर्देशिकामा उल्लेख छ।

घातक रङ्गीन चित्र र चेतावनीमूलक सन्देशमूलक चुरोट, बिँडी, खैनी, सूर्ती र गुट्खा जस्ता सूर्तिजन्य पदार्थको भित्री र बाहिरी बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गमा छाप्नु तथा अङ्कित गर्नुपर्नेछ।

## यो वर्षभित्र आइटि पार्क बनाउछौँ : सञ्चारमन्त्री गुरुङ

रासस/काठमाडौँ, २४ माघ। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले यस वर्षभित्र 'आइटिपार्क' स्थापना गर्ने बताउनुभएको छ । सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले सरकारले डिजिटल नेपाल फेर्मवर्क बनाउने लक्ष्य साकार पार्न सूचनाप्रविधिका पूर्वाधार निर्माण गर्न आवश्यक छ भन्नुभयो। उहाँले भन्नुभयो,"काठमाडौँमा यस वर्षभित्रै आइटिपार्क निर्माण गर्ने लक्ष्य सरकारले लिएको छ ।" कम्प्युटर एशोसिएशन महासङ्घ नेपाल(क्यान महासङ्घ) द्वारा बिहीबार आयोजित ३०औँ क्यान इन्फोटेक-२०२५ को शुभारम्भ गर्नुहुँदै मन्त्री गुरुङले डिजिटल फेमवर्क बनाउन प्रशस्त सूचनाप्रविधिका पूर्वाधार तयार पार्नुपर्ने बताउनुभयो।

सूचना प्रविधिको युगमा आइपुग्दासमेत नेपालमा एउटा पनि 'आइटिपार्क' नहुँनु भनेको प्राविधिक हिसाबले पछिपर्नु रहेको बताउँदै उहाँले आफु मन्त्रालयको तर्फबाट इन्फास्टकचर, आइटि नीति, एआइ नीति लगायतका भौतिक र कानुनी प्रावधान ल्याउन सक्रिय रहेको जानकारी दिनुभयो।

"डिजिटल फ्रेमवर्कको उद्देश्य पूरा गर्न सूचनाप्रविधिका पूर्वाधार सिर्जना गर्नुपर्छ", मन्त्री



गुरुङले भन्नुभयो,"यस वर्ष जसरी पनि काठमाडौँमा एउटा आइटिपार्क बनाउछौँ।"

त्यस्तै, मन्त्री गुरुङले एआइ नीति ल्याउने विषयमा मन्त्रालयले सरोकारवालासँग छलफल गरिरहेको बताउनुभयो । साथै यसै वर्षभित्र सात सय ५३ पालिकामा फोर जी सबैका घर-घर पुऱ्याउने र फाइभ जि काठमाडौँबाट सुरुमा मन्त्रालय सक्रिय रहेको जानकारी दिनुभयो।

साउथ एसियामै एआइको नीति बनाउने विषयमा नेपालपछि परेको अवस्था दर्शाउँदै मन्त्री गुङले भन्नुभयो,"सूचना प्रविधिको भरपुर प्रयोग नगरे अबको समय हामी निकै पछि परिन्छ।

"कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीको भिडियोमार्फत शुभकामना सन्देश समेत प्रस्तुत गरिएको थियो। सन्देशमा प्रधानमन्त्री ओलीले सरकारले अध्ययादेशमार्फत कानुन ल्याएर विदेशमासमेत लगानी गरी उद्योग सञ्चालन गर्न सकिने वातावरण सिर्जना गरेको र यसले युवा रोजगारमा उत्साह थपेको विश्वास व्यक्त गर्नुभयो।

प्रधानमन्त्री ओलीले क्यान जस्ता निजी क्षेत्रको सहकार्यबाट सरकारको डिजिटल फेमवर्क नेपाल बनाउने उद्देश्य सार्थक हुन सक्ने धारणा राख्नुभयो ।क्यानका अध्यक्ष सिनैना घिमिरे पाण्डलेका अनुसार सरकारले अध्यया देशमार्फत ल्याएको कानुनले युवामा उद्यमी बन्न प्रोत्साहन गरेको बताउनुभयो। सञ्चार मन्त्रालयले तयार पारेको एआई नीतिमाथि क्यानले सुझाव दिएर अझै जनमुखी बनाउने समेत अध्यक्ष पाण्डेले बताउनुभयो।

तिलोत्तमा

## सम्पादकीय

## बिओपीप्रति नागरिकको बढ्दो विश्वास

*नेपाल सरकारले नेपाल भारत सिमावर्ती क्षेत्रका जोखिम रहेका क्षेत्रमा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउटपोस्ट स्थापना गरेपछि त्यसले सिमा क्षेत्रका जनतालाई ठूलो भरोसा दिलाएको छ । नेपाल भारत सिमा क्षेत्रको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मकै महत्वपूर्ण स्थानमा स्थापना भएको बिओपीबाट सिमा सुरक्षा, बढ्दो अपराध नियन्त्रण, दशगजा क्षेत्रको संरक्षण लगायत तराईमा बढ्दो असुरक्षाको अन्त्य गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको थियो । त्यो विश्वास अहिले मुखरित हुँदै गएको छ । त्यसैपनि नेपाल भारत सिमा क्षेत्र अबैध हतियार ओसार पसार तथा चेलीबेटी बेचबिखनको प्रमुख नाकामा रुपान्तरण हुँदै गएको छ । त्यो अवस्थामा यो पोष्ट स्थापनाले सिमा क्षेत्रमा बसोबास गर्ने नेपालभरीका जनतालाई ठूलो राहत पुगेको छ । सशस्त्र प्रहरीको पोष्ट स्थापना नियमित प्रकृया हो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म स्थापना भएका यस्ता पोष्टले नेपालको सिमा सुरक्षामा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गर्न सकिन्छ । अहिले बोर्डर क्षेत्रमा बस्ने नेपालीहरुले धेरै सुरक्षित रहेको अनुभूति गरेका छन । विगतमा नेपाल भारत खुला सिमाका कारण भारतले दशगजा क्षेत्रमात्र होइन सिमा स्तम्भ नै गायव गर्ने गरेको विगतका घटनाक्रमले पुष्टी गर्दै आएको अवस्थामा यो पोष्ट स्थापनाले नेपाली भूमि सुरक्षित गरेको छ । त्यसकारण पोष्ट स्थापना अनिवार्य थियो । जेहोस ढिलै भएपनि सशस्त्र प्रहरीले दुई बर्ष अघि स्थापना गरेको यो पोष्टबाट नेपालको समष्टिगत सुरक्षामा योगदान पुगेको छ ।*

*अहिलेपनि नेपाल भारत खुला सिमाका कारण देशका विभिन्न स्थानमा हत्या, हिंसा र लूटपाटका घटनामा बृद्धि भएको छ । पटक पटक हुने यस प्रकारका घटनाले शान्ति सुरक्षामाथि पुनः प्रश्न उत्पन्न भएको छ । सरकारले सुरक्षा ब्यवस्था प्रभावकारी वनाएको वताएपनि यो आपराधीक श्रृंखलामा बढोत्तरी भएको छ । यस्ता घटनाले राजधानीमात्र होइन बाहिरको सुरक्षा अवस्थापनि कमजोर रहेको प्रष्ट भएको छ । बिओपी पोष्टले गंभीर प्रकृतिका अपराध नियन्त्रणमा सहयोग पुगेको छ । सानातिना अपराध त स्वाभाविक जस्तै लाग्छन तर ठूलो अपराध नियन्त्रणमा अवश्य सहयोग पुगेको छ । तराईका सिमावर्ती क्षेत्रका जनताले विगतमा भन्दा अहिले धेरै सुरक्षाको अनुभुति गरेका छन । पोष्ट स्थापनाले अपराध गर्नेहरुलाई दुरुत्साहन भएको छ । आगामी दिनमा यी पोष्ट थप स्थानमा राख्ने विषयमा सरकारको ध्यान जाओस् । बिओपीप्रति बढेको सिमा क्षेत्रका आम नागरिकको विश्वास कायमै रहोस् ।*

## अन्तराष्ट्रिय समाचार

### अमेरिकामा २० लाख सरकारी कर्मचारीलाई जागिर छाड्न दबाब

एजेन्सी/अमरेरिका, २४ माघ । अमेरिकामा २० लाख सरकारी कर्मचारीलाई जागिर छाड्न दबाब बढेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले राजीनामा दिने सङ्घीय कर्मचारीलाई आठ महिनाको तलब दिने आश्वासन दिए लगत्तै कर्मचारीलाई जागिर छाड्न दबाब आएको बीबीसीले जनाएको छ ।

राष्ट्रपति ट्रम्पले कार्यालयमा फर्किन नचाहने सबै कर्मचारीलाई बिदाइ प्योकज दिने भन्दै आउँदो सेप्टेम्बरसम्मको तलब दिने घोषणा गर्नुभएको थियो । यो योजनामा अहिलेसम्म २० हजार सङ्घीय कर्मचारीले सहमति जनाएका खबरमा उल्लेख छ । अमेरिकी सरकारको आकारलाई खुम्च्याउन यो कदम चालिएको ट्रम्प प्रशासनले बताएको छ । यो कार्यक्रममा सहभागी हुने वा नहुने निर्णय गर्न आजसम्मको समय दिइएको थियो । हालै सरकारी नियुक्ति पाएका उद्योगपति एलन मस्कले पछिल्लो दिनमा सरकारी कर्मचारीलाई गोप्य इमेल पठाउँदै जागिरबाट बिदा हुन तीव्र दबाब दिएको अमेरिकी सञ्चारमाध्यमले उल्लेख गरेका छन् । मस्कले सरकारी कामकारबाहीलाई प्रभावकारी बनाउन ट्रम्पलाई सघाइरहनुभएको छ । अमेरिकी सरकारी कर्मचारीहरूको प्रतिनिधित्व गर्ने युनियनहरूले भने सामूहिक राजीनामाको योजनालाई रोक्न मुद्दा दायर गरेका छन् ।

# ग्रामीण विकासका चुनौती र अवसर



प्रकाश थापा

ग्रामीण क्षेत्रमा बसोवास गर्ने मानिसको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा वातावरणीयलगायत समग्र दैनिक जीविकामा प्रभाव पार्ने आयाममा सकारात्मक परिवर्तनको प्रक्रिया हो, ग्रामीण विकास । जो आफैँमा एउटा जटिल विषय पनि हो । ग्रामीण विकासले समग्र राष्ट्रिय प्रगति र आर्थिक स्थायित्व सुनिश्चित गर्दै ग्रामीण जनतालाई उपयुक्त अवसर र स्रोतसाधन उपलब्ध गराएर उनीहरूको उत्थान तथा जीविकालाई सहज गर्ने लक्ष्य राखिएको समग्र दृष्टिकोणलाई परिभाषित गर्छ । ग्रामीण विकासले मानिसको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्ने सकारात्मक परिवर्तनको अपेक्षा राखेको हुन्छ । भौतिक पूर्वाधार निर्माणसँगै कृषि प्रणालीमा सुधार, स्रोत परिचालन र समुचित उपयोग, रोजगारीको सिर्जना, शिक्षा र स्वास्थ्यमा सुधार, खाद्य सुरक्षा, दिगो वातावरणीय सन्तुलन र विकासमा समावेशी समानुपातिक सहभागितासँगै समग्र समाजको आधुनिकीकरणजस्ता पक्षले ग्रामीण विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन् । ग्रामीण विकासले ग्रामीण जनताको जीवनलाई गुणात्मक रूपमा सहज बनाउन स्थानीयस्तरमा तर्जुमा हुने आयोजनामा स्थानीय जनसहभागिता कायम गरी सर्वसाधारण जनताको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्दै विकास र स्थानीय स्रोत-साधनमा समानता र न्यायोचित वितरणको अवधारणामा विशेष ध्यान दिने हुँदा दिगो विकासमा ग्रामीण विकासले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

नेपालमा जम्मा ७५३ स्थानीय तहमध्ये ४६० गाउँपालिका रहेका छन् । साथै, ६ महानगरपालिका ११ उपमहानगरपालिका र २७६ नगरपालिकाका अधिकांश क्षेत्र पनि ग्रामीण भूभाग नै रहेकाले पनि नेपालमा ग्रामीण क्षेत्रमा बसोवास गर्ने मानिसको संख्या ठुलो रहेको छ । जसले गर्दा ग्रामीण विकास राष्ट्रको समग्र समृद्धिका लागि अति महत्वपूर्ण छ । ग्रामीण विकासले नै देशको समृद्धि झल्काउने यथार्थलाई हामी सबैले बुझ्नुपर्छ । तर, ग्रामीण आवश्यकता र प्राथमिकताका आधारमा पूर्वाधार निर्माण गर्न नसक्नु, थोपा विकासको अभ्यास, अस्थिर राजनीतिक अवस्था, विकास निर्माणमा जनसहभागिताको अभाव, राजनीतिक प्रतिबद्धताको कमी, भौगोलिक जटिलतालगायत ग्रामीण विकाससम्बन्धी अध्ययन र अनुसन्धानमा प्राप्त स्रोत र साधन पर्याप्त नहुनुजस्ता समस्याले नेपालमा ग्रामीण विकासको प्रयासले सन्तोषजनक उपलब्धि प्राप्त गर्न नसकिरहेको देखिन्छ । ग्रामीण क्षेत्रमा उपलब्ध अवसरलाई सही नेतृत्व, नीति र कार्यक्रममार्फत स्थानीय युवासँग जोड्न सकेमा ग्रामीण क्षेत्रको दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सकिन्छ

अझै पनि ग्रामीण क्षेत्रमा विकासका नाममा अनियन्त्रित रूपमा प्राकृतिक स्रोत-साधनको दोहन र जथाभावी डोजरको प्रयोगले गाउँको पर्यावरणमा नकारात्मक असर पर्ने कुराप्रति कसैको चासो देखिँदैन । राजनीतिक खिचातानी, नेतृत्वमा दीर्घकालीन सोचको अभाव, विकास निर्माणमा प्राविधिक ज्ञानको कमीसँगै वित्तीय स्रोतहरूको अभावले ग्रामीण विकासमा अपेक्षित प्रगति हुन नसकेको अवस्था छ ।


समग्र राष्ट्रको विकासमै अपेक्षित प्रगति हुन नसकिरहेको अहिलेको अवस्थामा ग्रामीण विकासमा पनि थुप्रै चुनौती बाधकका रूपमा रहेको देख्न सकिन्छ । तर, ती चुनौतीको सामना गरेर अगाडि बढ्न सकेमा पक्कै पनि नेपालको ग्रामीण क्षेत्रको विकासलाई अगाडि बढाउन सहयोग पुग्छ । वर्तमान परिप्रेक्ष्यमा देखापरेका केही चुनौती यहाँ उल्लेख गरिएको छ । पूर्वाधारको अभाव : नेपालका धेरै गाउँघरमा अझै पनि सडक सञ्जालको अवस्था दयनीय छ । सहज सडकको व्यवस्था नहुँदा स्थानीयस्तरमा उत्पादन भएका कृषि उपजको बजारीकरण र आवतजावतमा ग्रामीण जनताले सास्ती भोग्नुपरिरहेको छ । धेरैजसो ग्रामीण बस्तीमा बिजुली र सञ्चार सुविधाको पहुँच आवश्यकताअनुरूप पुग्न नसकेको अवस्था छ । धेरैजसो स्वास्थ्य केन्द्र र विद्यालय अपूर्ण छन् वा गुणस्तरहीन अवस्थामा छन् । उपलब्ध स्रोत-साधनलाई परिचालन गर्ने दक्ष जनशक्तिसँगै पूर्वाधार अभावले नेपालका अधिकांश ग्रामीण बस्ती पछाडि परेका छन् । आर्थिक अवसरको कमी : नेपालका ग्रामीण क्षेत्रमा औद्योगिकीकरण हुन नसकेकाले रोजगारीका अवसर सीमित छन् भने पुर्खौंदेखि चल्दै आएको कृषिमा आधुनिकीकरण हुन नसक्दा उत्पादकत्वमा कमी छ । स्थानीयस्तरमा उपलब्ध स्रोत-साधनको उचित परिचालन गरी त्यसबाट आयआर्जनका स्रोत बढाउन सक्ने प्रशस्त सम्भावना हुँदाहुँदै पनि उचित नीति तथा कार्यक्रम नहुँदा ग्रामीण जनतामा बेरोजगारी बढ्दो क्रममा छ ।

युवाको विदेश पलायन : ग्रामीण क्षेत्रमा रोजगारीका अवसर सीमित मात्रमा हुँदा युवा जनशक्ति बिदेसिने क्रम बढ्दै गएको छ । देशको युवा जनशक्ति बिदेसिँदा गाउँमा विकासका गतिहरू सुस्त भएका छन् । युवाको विदेश पलायनसँगै गाउँबाट सहरकेन्द्रित बसाइँसराइ बढ्दो छ । जसले गर्दा नेपालका अधिकांश ग्रामीण बस्तीमा जनशक्ति अभाव हुँदा विकास निर्माणमा जनसहभागिताको कमी भई विकासको गतिमा नकारात्मक असर परिरहेको छ ।

जलवायु परिवर्तन र प्राकृतिक प्रकोपः बाढी, पहिरो, खडेरीजस्ता प्राकृतिक विपत्तिले ग्रामीण क्षेत्रका मानिसको जीवनमा ठुलो प्रभाव पार्छ । जलवायु परिवर्तनका कारण कृषिमा नकारात्मक असर परेको देखिन्छ । ग्रामीण मानिसमा जलवायु परिवर्तनको असरबारे अझै पनि चेतनाको कमी छ । जलवायु परिवर्तनको असर र प्राकृतिक प्रकोपले निम्त्याउन सक्ने भयावह अवस्थाबारे ग्रामीण जनतालाई सरोकारवाला निकायले वेलैमा सुसूचित गर्नु आवश्यक छ । सामाजिक संरचनाका समस्या : नेपालका अधिकांश ग्रामीण क्षेत्रमा जातीय, लैंगिक र वर्गीय विभेद अझै पनि व्याप्त छ । महिला, दलित तथा अन्य पछाडि पारिएका समुदायको समुचित विकास हुन सकेको छैन । विकास निर्माण तथा उपलब्ध स्रोत-साधनको न्यायोचित तथा समानुपातिक वितरण अझै पनि हुन सकेको छैन । अझै पनि अधिकांश ग्रामीण बस्तीमा सामाजिक अन्याय कायम छ । जबसम्म समाजमा थिचोमिचो कायम रहन्छ, तबसम्म विकासको प्रतिफलमा जनताको बराबर पहुँच नहुने हुँदा सामाजिक संरचनाका समस्या समाधानतर्फ सरकारवाला निकायको ध्यान जानु आवश्यक छ । भौगोलिक अवस्था र छरिएको बस्ती : नेपालको भौगोलिक अवस्था अत्यन्तै विविधतापूर्ण छ, जसले गर्दा जनसंख्याको वितरण र बसोवासका स्वरूप पनि फरक-फरक छन् । हिमाली र पहाडी क्षेत्रमा छरिएर रहेका बस्ती छन् भने तराईमा सहरीकरण तीव्र रूपमा बढिरहेको छ । नेपालको भौगोलिक संरचनाले यातायात, आर्थिक गतिविधि, कृषि प्रणाली तथा समाजको जीवनशैलीलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने गरेको छ । छरिएर रहेका बस्तीलाई समग्र विकासको दायरामा ल्याउनु खर्चिलो बनिरहेको छ । ग्रामीण विकासका चुनौतीसँगै ग्रामीण क्षेत्रमा पर्याप्त स्रोत र साधन उपलब्ध छन् । मात्र तिनीहरूको उपयुक्त परिचालन तथा उचित उपभोग आवश्यक छ । चुनौतीका बाबजुद समग्र नेपालको ग्रामीण क्षेत्रमा विभिन्न अवसर देख्न सकिन्छ । ग्रामीण क्षेत्रमा उपलब्ध अवसरलाई सही नेतृत्व र नीति तथा कार्यक्रममार्फत स्थानीय युवालाई जोड्न सकेमा ग्रामीण क्षेत्रको दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सकिन्छ । निम्नलिखित अवसर पहिल्याउन सकेमा पक्कै पनि ग्रामीण विकासले एउटा स्वरूप प्राप्त गर्न सक्छ :

कृषिमा आधुनिकीकरण र व्यवसायीकरण : कृषिमा प्रविधिको प्रयोग तथा विकास गरेर उत्पादन वृद्धि गर्न सकिन्छ । जैविक कृषि, चिया, कफी, जडीबुटी खेतीजस्ता उच्च बजार मूल्य भएका उत्पादनलाई प्रवर्द्धन गर्न सकिन्छ । स्थानीय स्रोतसाधनमा आधुनिक प्रविधिको उच्चतम उपभोग गर्दै ग्रामीण जीवनको समृद्धि, आत्मनिर्भरता र स्वच्छता निर्माण गर्न सकिन्छ । स्थानीयस्तरमा उत्पादित कृषि सामग्रीलाई नजिकको बजारसम्म पुऱ्याएर त्यसको बिक्री वितरण सुनिश्चित गर्नुपर्छ । साना तथा मझौला उद्यममार्फत स्थानीयस्तरमा उत्पादन हुने वस्तुको उत्पादनलाई व्यवसायीकरण गर्न सकिन्छ । पर्यटन प्रवर्द्धन : प्राकृतिक स्रोतले परिपूर्ण ग्रामीण (बाँकी ३ पेजमा...)

# कन्सल्टेन्सीप्रति निगरानी बढाउ



अंशु भट्ट

काठमाडौँ रोजगारको मुख्य शहर, चाहे कर्णालीको कोप्चा होस् वा सँगै टाँसिएको बनेपा, धादिङ शहर सबैको पहिलो चाहना जागिरे हुने काठमाडौँ शहरमा । चाहे हुनेखाने हुन् वा नहुने, सबै सोच्छन्- काठमाडौँमा जान सके सानोतिनो जागिर त पक्का । जोगाड गरेर, कति त ऋण नै काढेर सपनाको शहर काठमाडौँ धाउँछन्, तर प्रश्न यो छ कि यथार्थ के छ यहाँको ? पढेलेखेका त छाडौँ, पढ्दै गरेका र धेरै नपढेका सम्पूर्ण कहाँ जान्छन् त काठमाडौँ झरेसी जागिर खोज्न ? आखिर कति दुःख भोग्नुपरिरहेको छ त उनीहरुलाई ? के राम्रो वातावरणमा जागिर, सही तलब र साँच्चै सपनाको शहर काठमाडौँले उनीहरुको दुःखको अन्त्य गरेको छ त ? प्रश्न हजारौँ छन् तर जवाफ कोसँग छ ? कसैलाई पत्तो छैन । काम खोजिदिने कम्पनी आज सयौँ खुलेका छन् काठमाडौँ शहरमा, हजारौँले काम पनि पाएका छन्, रोजगारदातालाई कामदारको कमी पनि छैन तर यी हजारौँको भीडमा ठगिनेहरुको संख्या कति छ ? यी जागिर खाइरहेका हजारौँले पनि राम्रो काम पाएका छन् त ? १० हजारको जागिर खानलाई कति तिरेका छन् उनीहरुले जब् कन्सल्टेन्सीहरुलाई ? अनि यही जब् कन्सल्टेन्सीहरुलाई कति फाइदा छ ? जब् कन्सल्टेन्सीहरुमा काम गर्ने मध्यस्थकर्ताको कमाइ कति छ त ? म एकदिन यही कौतुहल राख्दै नाम चलेका जब् कन्सल्टेन्सीहरुमा छिरैं, 'काम चाहिन्थ्यो, के काम छ होला ?' सबै काम सुनेँ, उनीहरुले फर्मको पैसा ५०० रुपियाँ भने अनि त्यसपछि ६ महिनासम्म जागिर हेरफेर गर्न कुनै आपत्ति नहुने स्पष्टसँग कुरा राखे, मसँगै छिरेका ४ जनाको विद्यार्थीको ग्रुपले ५०० मा जागिर पाउने भन्दै, खुशी भएर पैसा पनि तिरे । म केही बेर बुझेर मात्र तिर्छु भन्दै पाखा लागेँ । अब उनीहरुले बिस्तारमा काम बुझाउन थाले, माटमा गए २५०० चार्ज ट्रेनिङको फिस लाग्छ, सेक्युरिटी गार्डमा २००० चार्ज लाग्छ, त्यस्तै कामअनुसार २ हजारदेखि ४-५ हजारसम्मको चार्जको लिस्ट सामुन्ने आयो । बिचरा विद्यार्थीहरु एक-अर्काको मुखामुख गर्न थाले, जागिर खाने रहरमा गुलाबी रंग बिखरेका उनीहरुको अनुहार अकस्मात् ओइलायो । शायद घरबाट बा-आमाले पठाउने पैसामा त्यो चार्ज पुग्दैनथ्यो, उनीहरुले पैसा छैन, कमाएको बाट काट्न मिल्दैन ? भनेर सोधे ।

त्यहाँको कर्मचारीहरुले फटाफट उत्तर दिए, आज अन्तिम दिन हो पैसा तिर्नुभयो भने आइतबारबाट नै काम शुरु हुन्छ नत्र केही समय प्रतीक्षा गर्नुपर्ने हुन्छ । उनीहरू उठेर गए । दुई घण्टापछि हँसिलो मुहारमा फर्किएर पैसा तिरी बिल लिएर फर्किए । म त्यहाँ धाउँदै गरेका अरुसँग कुरा गर्न व्यस्त भएँ । एकजनाले सुनाए, 'एक हप्ता भइसक्यो धाएको, मेरो काम भएको छैन ।' यसरी नै अर्काको भनाइ यस्तो थियो, '१५ दिन भयो, मेरो पनि भएको छैन, दिनदिनै धाएको छु । म आएको देखेर काम जिम्मा लिएका सर फुत्त बाहिर निस्कन्छन् अनि फर्किंदैनन् । रुममा पनि बस्ने नै हो, यहीँ आएर बस्छु भनेर धाएको ६ दिन भयो । आखिर पैसा त तिरिसकैं, अब यिनीहरूले फिर्ता त दिँदैनन्, जागिर पनि यस्तै जब् कन्सल्टेन्सीहरुबाट गर्ने हो, अब झगडा गरेर के गर्नु बरु हात होस् कि खुट्टा जोड्नु त पऱ्यो आखिर ।' 'जुन जोगी आए पनि कानै चिरिएको' भन्ने उखान उनको भावमा स्पष्ट झल्किन्थ्यो । कति छन् यसरी जब् कन्सल्टेन्सीहरुबाट ठगिने ? यिनीहरूको कामको रेखदेख सरकारी क्षेत्रबाट कसरी गरिएको छ ? मैले उनीहरुको तलब सोधेँ । उनीहरुले तलब सुनिश्चित हुँदैन, कसैको थोरै हुन्छ त कसैको महिनाको ६०-७० हजार पनि हुन्छ भने । म जवाफहीन भएँ । आफूले खाइपाई आएको जागिर छोड्ने विचार पनि आयो एकछिन् त । एकछिन् सोचेँ पनि, शायद कर्मचारी राख्ने रणनीति पो हो कि यिनीहरुको । तर पनि उनीहरुले विनासोचविचार त बोलेनन्, पक्कै आफ्नो सहकर्मीले गनेको तलबको बिटो प्रमाण थियो । बैंकको ब्रान्च म्यानेजर, सरकारी कार्यालयको अधिकृत र कैयौँ ठूला पदको तलबभन्दा राम्रो एउटा जब् कन्सल्टेन्सीमा काउन्सेलरको कमाइ ! यदि काउन्सेलरको यो कमाइ छ भने त्यसको वास्तविक मालिकले कति कमाउँछ, कताबाट कमाउँछ ? रोजगारदाताबाट कमिसन खान्छन् त ? पक्कै पनि होइन होला, ती १०-१२ हजारको जागिर खोज्ने, फोटोकपीको पैसा तिर्दा जिब्रो टोक्ने, ती आफ्नो गाउँ छाडेर काठमाडौँ शहरमा पढ्न आएका विद्यार्थीहरु, ती सेक्युरिटीको जागिर खोज्ने कुनै नेपालको कोप्चाबाट आएको साइँलोसँगबाट । आखिर त्यो घरका ५-६ जना परिवार पाल्नेलाई कुनै देशको कोप्चाबाट आएको गरिब , चुँडिएको चप्पल सिलाएर लाउने, बजारमा हिँड्दा मःमःको बास्नाले खाली पेटको तारहरु सारंगीझैँ रेट्दा, मुन्टो बटारेर हिँड्ने व्यक्ति जो कमाउन बाध्य छ, कमाउने सपना देख्दै छ, उसको चयातिएको (बाँकी ३ पेजमा...)

## ग्रामिण...

क्षेत्रमा ग्रामीण पर्यटन, होमस्टे, साहसिक पर्यटन र सांस्कृतिक पर्यटनको विकास गरेर आयआर्जन गर्न सकिन्छ। ग्रामीण क्षेत्रमा रहेका प्रसिद्ध पर्यटकीय स्थलबाट नजिक पर्ने गाउँलाई पर्यटकीय गतिविधिमा जोड्न सकिन्छ।

पर्यटन प्रवर्द्धनमार्फत रोजगारी सिर्जना गर्दै युवालाई स्थानीयस्तरमा व्यवसायको सम्भावना देखाउन सकिन्छ। लघु उद्यमलाई प्राथमिकता : गाउँमा स्थानीय स्रोतको उपयोग गरी साना उद्योग, जस्तै- कपडा, हस्तकला, दुग्ध व्यवसायलगायत अन्य उद्योग खोल्न सकिन्छ। लघु उद्यममार्फत स्थानीय उत्पादनलाई नजिकको सहरसँग बजारीकरणको सम्बन्ध स्थापित गर्न सकिन्छ। सहकारी प्रणालीमार्फत साना कृषक तथा व्यवसायीलाई वित्तीय पहुँच प्रदान गर्न सकिन्छ। प्रविधि र डिजिटल पहुँच : ग्रामीण बस्तीमा भरपर्दो र उच्च गतिको इन्टरनेट विस्तार गरी शिक्षा र स्वास्थ्य सेवा गुणस्तरीय बनाउन सकिन्छ। इन्टरनेट तथा मोबाइल प्रविधिको विस्तारले ग्रामीण क्षेत्रका मानिसलाई शिक्षा स्वास्थ्य तथा व्यापारमा सजिलो बनाइरहेको छ। यसलाई अझ प्रभावकारी ढंगबाट समेट्न प्रविधिको प्रयोगबारे जनचेतनाका कार्यक्रममार्फत सूचित गर्न सकेमा डिजिटल बैंकिङ, अनलाइन बैंकिङ, अनलाइन मार्केटिङ तथा प्रविधियुक्त कृषिको विकासले ग्रामीण अर्थतन्त्रलाई सशक्त बनाउन सकिन्छ।

स्थानीय स्रोत-साधनमा आधुनिक प्रविधिको प्रयोग गर्दै ग्रामीण जीवनको समृद्धि, आत्मनिर्भरता र स्वच्छता निर्माण गर्न सकिन्छ।

नवीकरणीय ऊर्जा प्रवर्द्धनः साना जलविद्युत्, सौर्य ऊर्जा तथा बायोग्यास परियोजनाले ग्रामीण क्षेत्रलाई स्वावलम्बी बनाउन सक्छन्। सरकार र निजी क्षेत्रको सहकार्यमा ऊर्जा विकासको अवसर बढाउन सकिन्छ। जलवायु परिवर्तनको बढ्दो प्रभावलाई मध्यनजर गर्दै आर्थिक आत्मनिर्भरता बढाउन सौर्य ऊर्जा, वायु ऊर्जा, बायोग्यास र स्थानीय नदी खोलाबाट निकालिने जलविद्युत्जस्ता नवीकरणीय ऊर्जा उत्पादन र उपभोगमार्फत ग्रामीण विकासलाई मजबुत गर्न सकिन्छ। नेपालको ग्रामीण विकासमा जेजस्ता चुनौती भए पनि सही नीति, प्रविधिको प्रयोग र स्थानीय समुदायको सक्रिय सहभागिताले ती समस्या समाधान गर्न सकिन्छ। यदि कृषिमा आधुनिकीकरण, पर्यटन प्रवर्द्धन र पूर्वाधार विकासमा जोड दिने हो भने नेपालका गाउँहरू आत्मनिर्भर बन्न सक्छन्, जसले समग्र राष्ट्रको आर्थिक वृद्धि र दिगो विकासमा टेवा पुर्‍याउन सक्छ।

विकासमा आधुनिकीकरणसँगै सामाजिक, सांस्कृतिक तथा वातावरणीय सन्तुलनलाई कायम राख्न सकेमा ग्रामीण विकास दिगो बन्न सक्छ।

(नयाँपत्रिका)

# सैनामैनालाई फोहोर व्यवस्थापन केन्द्र निर्माणका लागि स्वीकृति

तिलोत्तमा/बुटवल, २४ माघ। सरकारले सैनामैना नगरपालिका रुपन्देहीलाई फोहोर व्यवस्थापन केन्द्र निर्माणका लागि स्वीकृति दिने निर्णय गरेसँगै फोहोर प्रशोधन केन्द्र निर्माणको काम अघि बढ्ने भएको छ। मन्त्रीपरिषद् बैठकले सैनामैना-१०, एकला पहाड क्षेत्रमा खोरमोर नदी उकास क्षेत्रको ३.५ हेक्टर वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने निर्णय गरेको हो। यो निर्णयसँगै वनको जग्गाको भोगाधिकार नपाएर वर्सौंदेखि अलपत्र रहेको फोहोर व्यवस्थापनका काम अब सुरु हुन बाटो खुलेको छ। सैनामैनाका निवर्तमान नगरप्रमुख चित्रबहादुर कार्कीको पालामै अघि बढेको यो आयोजना भोगाधिकार नपाएकै कारण रोकिएको थियो। सरकारको निर्णयसँगै बुटवल उपमहानगरपालिका, सैनामैना नगरपालिका र कञ्चन गाउँपालिकाको फोहोर सैनामैना-१० स्थित एकला पहाडमा निर्माण हुने फोहोर व्यवस्थापन केन्द्रमा व्यवस्थापन गर्न बाटो खुलेको छ। खोरमोर प्रशोधन केन्द्रको निर्माणका लागि बुटवल उपमहानगरपालिका,सैनामैनानगरपालिका र कञ्चन गाउँपालिकाले छ वर्षअघि सम्झौता गरी काम अघि बढाएका थिए। सैनामैना नगरपालिकाका निवर्तमान प्रमुख चित्रबहादुर कार्कीले रुपन्देहीको मात्र नभै अरू जिल्लाको समेत फोहोर व्यवस्थापन गर्न सकिने बताउनुभयो।

फोहोर प्रशोधन गरी बायोग्यास उत्पादन गर्ने, प्लास्टिक दाना उत्पादन गर्ने र कम्पोस्ट मल बनाउने गरी योजना अघि बढाइएको थियो। सैनामैना नगरपालिकाका प्रमुख फणेन्द्रप्रसाद शर्माले सरकारले जग्गा प्रयोग गर्न दिने निर्णय गरेकाले अब फोहोर प्रशोधन केन्द्र निर्माणको काम अघि बढ्ने बताउनुभयो। फोहोर प्रशोधन केन्द्र निर्माणका लागि निजी क्षेत्रसमेत इच्छुक रहेको बताइएको छ। प्रशोधन केन्द्र निर्माणका लागि २० करोड रुपियाँ खर्च हुने अनुमान गरिएको छ। त्यसमा एसियाली विकास बैङ्कले समेत ऋण लगानी गर्न चासो देखाएको थियो। फोहोर प्रशोधन केन्द्र निर्माणका लागि वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत भइसकेको छ। साथै आयोजना स्थलबाट १६४ वटा रुखसमेत हटाइसकिएको छ।

## कन्सल्टेसीप्रति...

गोजीमा गाँठो पारेर राखिएको पैसा जागिरको नाममा विभिन्न चार्ज भनी लिएर एउटा जब् कन्सल्टेन्सी मोटाएको छ।

काम खोजिदिने कम्पनी आज सयौं खुलेका छन् काठमाडौं शहरमा, हजारौंले काम पनि पाएका छन्, रोजगारदातालाई कामदारको कमी पनि छैन तर यी हजारौंको भीडमा ठगिनेहरुको संख्या कति छ ?

यी जागिर खाइरहेका हजारौंले पनि राम्रो काम पाएका छन् त ? १० हजारको जागिर खानलाई कति तिरेका छन् उनीहरुले जब् कन्सल्टेन्सीहरुलाई ? सरकार सधैं नारा लगाउँदै छ, नेपालमा काम गर्ने जनशक्ति छैन सबै विदेशिइसके । जबसम्म ती सरकारी कुर्सीमा मच्चिँदै 'विदेशिए नेपाली जनशक्ति, हाम्रो देशको विकास जनशक्तिविना कसरी हुन्छ ?' भनी भाषणमा भन्नेहरु जब् कन्सल्टेन्सीहरुको बाहिर १८ वर्ष पुग्नेबित्तिकैदेखि ६० वर्षसम्मकाहरुबाट खोलिएको जुत्ता-चप्पलको भीड हेर्न जाँदैनन् तबसम्म कसरी थाहा पाउँछन् अझै पनि नेपालमा बाध्यता वा रोजाइले बस्नेहरूका लागि योग्य जागिर उपलब्ध हुन सकेको छैन।

१०-१२ हजारको जागिरका लागि धाउने, कम पढेलेखेका, १८ वर्षकै उमेरबाट आर्थिक स्वतन्त्रता पाउन चाहने ती हरेक विद्यार्थीप्रति जिम्मेवारी कसको ? जब् कन्सल्टेन्सीहरुमा छड्के जाँच र कडाइ कसको ? के हरेक नेपालीले विनाशुल्क जागिर पाउनु मौलिक हकमा पर्न आउँदैन र ? हरेक भाषणमा नेपालमै बस्न उत्प्रेरणा दिने सरकार, नेपालमा बाँकी भएका काम गर्न इच्छुक हरेक नेपालीलाई न्यूनतम पारिश्रमिकभन्दा कममा काम गर्न नपरोस् भनेर कसरी रणनीति र कार्यनीति बनाउँदै छ त ?

के सरकारको माध्यमबाट नै रोजगारी रणनीति ल्याएर, जागिर खान चहाने हरेक व्यक्तिलाई विनाशुल्क चाहे सेक्युरिटी गार्ड होस्, चाहे घर-घरमा मागिने घरको काम गर्ने मान्छे होस्, सही तलब, इन्सुरेन्सको प्रबन्ध गर्न सक्दैन र ? के ती १०-१२ हजारको जागिरको लागि भौंतारिने सबै नागरिकले ऋण, धन लुटपाट गरेर नै विदेशिने सपना पूरा गर्ने हो ? आखिर दक्ष जनशक्तिको महत्वलाई प्राथमिकता दिँदै ती कर्णाली र मुगुका ऋण काढेर काठमाडौं शहर छिरेका गरिब दाजुभाइ, दिदीबहिनीलाई १०-१२ हजारको जागिरको लागि महिनौं जब् कन्सल्टेन्सीहरुमा धक्का खाएर, हजारौं विभिन्न नामको चार्ज तिरेर लाइनमा कहिलेसम्म राख्ने त ? के सरकारले यस्तो कम तलबमा काम गर्ने व्यक्तिहरुलाई कसरी जीवनयापनमा सहयोग गर्ने भनेर कुनै रणनीति ल्याएको छ ? महिनाको १-२ हजार रोजगारदाताबाट नै इन्सुरेन्स वा कुनै लगानीमा लगाउनुपर्ने बाध्यता कसेर, सरकारले नै कुनै एआई वा एप्स बनाएर सम्पूर्ण देशको जागिर खोज्ने र जागिर दिलाउने व्यवसायीलाई निःशुल्क, विनाझन्झट रोजगारी पाउने अवस्था किन सिर्जना गर्न सकेको छैन ? विद्यार्थी वर्गहरू जो आफ्नो खुट्टामा पार्ट टाइम गरेर उभिन चाहन्छन् ताकि घरमा आमाबुबासँग मासिक खर्च माग्नु नपरोस्, उनीहरुको लागि खै कता व्यवस्था गरिएको छ जागिर ? अनि सम्पूर्ण युवाहरू ऋण-धन गरेर, बैंकलाई आर्थिक आर्जनको वातावरण दिएर विदेशिनुबाहेक के विकल्प रहन जान्छ त यहाँ ? हामी विदेशमा ठगिएका कैयौं दाजुभाइ, दिदीबहिनीलाई हेरेर हाँस्छौं, भन्छौं नेपालजस्तो कहाँ छ र अरु देश ? तर नेपालमै यस्ता जब् कन्सल्टेन्सीहरुमा ठगिने, अनलाइन जब्को प्रलोभनमा पर्ने, विभिन्न सोसियल मिडियामा सजिलोसँग पैसा कमाउने तरिका देखाई फसाउने नेपाली नै हजारौंको संख्यामा छन्।

तर कोही ठगिनेहरु अगाडि आई खुलेर भन्दैनन् कि उनीहरु कहाँ कसरी ठगिए ? आखिर जनचेतनाको कमी र निरन्तर ठगीको मारमा पर्ने कुरामा गल्ती कसको ? आफू ठगीमा परेको कुरा सबैसँग खुलेर नबोल्नेको, चाहे १०० मा नै किन नहोस् पुलिसमा रिपोर्ट नगराउनेको, त्यो त ठगिएछ भन्दै समाजको हुल बनाएर ठगिनेको खिल्ली उडाएर रमाउने वा जनताप्रतिको उत्तरदायित्व बहन नगर्ने सम्पूर्ण सरकारी निकाय, राजनीतिक पार्टी र सरकारको ?

(समाचारपत्र)

## सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची।
लुम्बिनी प्रदेश, नेपाल

### सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना।

*प्रकाशित मितिः २०८१/१०/२५ गते*

सन्धिखर्क नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा तपसिलमा उल्लिखित पदमा देहायको संख्या तथा योग्यता भएका कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचना बमोजिमको दरखास्त फाराम, कार्यविवरण, पारिश्रमिक, सेवा सर्तहरू सहितको विस्तृत विवरण कार्यालयको वेबसाइट www.sandhikharkamun.gov.np बाट उपलब्ध हुनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या | तह | योग्यता |
|---|---|---|---|---|---|
| १ | ५/२०८१/८२ | MIS Operator | १ | स्थानीय तहको पाँचौ तह सरह | नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्यूटर विषय लिइ उत्तीर्ण गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तीमा ६ महिना कम्प्यूटर तालिम प्राप्त गरेको |

**आवश्यक कागजातहरुः** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, कार्यानुभव भएको भए अनुभव प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साईजको फोटो दुई प्रति र निवेदन सहित नगरपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ।तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

प्रविणता प्रमाणपत्र तह एवम् माध्यमिक शिक्षा परीक्षा (क.ी.ऋ.भ) उत्तीर्ण गर्ने उम्मेदवारहरूको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरू (सैद्धान्तिक एवम् प्रयोगात्मक) मा न्यूनतम म+ र ऋ.न.ए.ब. १.६ प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हासिल गरेको मानिनेछ।

**छनौट प्रक्रियाः**

प्रारम्भिक छनोटबाट संक्षिप्त सूचीमा परेका उम्मेद्वारहरुलाई मात्र कम्प्युटर सिप परीक्षण र अन्तर्वार्ता परिक्षामा समावेश गरिने छ।

दरखास्त दिने अन्तिम मिति : २०८१/११/०९ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ।आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

*पदपुर्ति समिति*

## Tilottama Municipality
## Office of Municipal Executive

Kunjalapur, Manigram,Rupandehi

### Invitation for Only Electronic Bids/Seal Quotations

*Date of Publication: 2081/10/22*

1. Tilottama Municipality, Office of Municipal Executive Invites Electronic Bids/Seal Quotations from Eligible Bidders for following projects.

| S. N. | Name of Project | Contract ID | Estimated Amount (with P.S. & VAT ) | Price Of Bid Document NRs. | Bid Security Amount NRS. & Bid Security Validity Period : 120 Days for NCB & 75 days for SQ | Last Date, Time of bid Submission and Opening | Bank A/C Details (For cost of bid Document &Bid Security Amount) |
|---|---|---|---|---|---|---|---|
| 1 | Sunaulonagarma Nala sahit sadak Staronnati, Tilottama-03, Rupandehi (Re-Bidding) | NCB/TM/W/25/081/82 | 4000756 | 3,000/- | 103,000.00 | 16th day from Publication, before 12:00 hrs and 13:00 hrs Respectively | Name Of Account:- : Tilottama Municipality ,Office of Municipal Executive, Manigram,Rupandehi<br>**Account Details.** |
| 2 | 12 No ward Sabha Hall Nirman and Apuro Boundry wall Nirman tatha mato Patan Karya, Tilottama-12, Rupandehi (Re-Bidding) | NCB/TM/W/27/081/82 | 2,641,281.0 | 3,000/- | 68,000.00 | | NIC Asia Bank, Manigram, Rupandehi<br>Rajaswa (Revenue) Khata no:- 1052055499599012,<br>**Office Code :- 801054802** |
| 3 | Ganeshpur Hatbajar Pashchim, Sima path dekhi Dil bahadurko Ghar samma and Tallo Ganeshpur Road Works, Tilottama06, Rupandehi (Re-Bidding) | SQ/TM/W/43/081/82 | 1,949,929.0 | 1,000/- | 50,000.00 | | Dharauti Khata no:- A5CA 549959952403 |

2. Eligible Bidders may obtain further information from the (Phone no. 071-562979, website: www.tilottamamun.gov.np) Tilottama Municipality, Office of Municipal Executive , Manigram, Rupandehi or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Tilottama Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned date & time.
4. Tender Procedures shall follow Public Procurement Act -2063 (with amendment) & Public Procurement Regulation -2064 (with amendment)

## शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची।
लुम्बिनी प्रदेश, नेपाल

### नदीजन्य पदार्थ बिक्रीकालागि विद्युतीय बोलपत्र आह्वान सम्बन्धी सूचना।

*( प्रथम पटक प्रकाशित भएको मिति २०८१/१०/२५)*

यस शिगतगंगा नगरपालिकाको अधिकार क्षेत्र भित्र रहेका तपशिल बमोजिमको नदीजन्य पदार्थ शितगंगा नगर कार्यपालिकाको निर्णय बमोजिम जे जस्तो अवस्थामा छ सोही अवस्थामा ठेक्का बढाबढबाट बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही इच्छुक मूल्य अभिवृद्धि करमा दर्तावाला व्यवसायी/फर्महरुले बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रा.ब.बैंक ठाडा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३३८०१००३०१०१०००३ मा दाखिला गरी खरिद गर्नु पर्नेछ। दरभाउपत्र दाताले आफुले कवोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई कवोल रकमको (मु.अ.कर बाहेक) ५५ का दरले हुन आउने धरौटी रकम यस शितगंगा नगरपालिकाको नाममा रा.वा. बैंक, ठाडा शाखामा रहेको ३३८०१००३०३०१०००३ धरौटी खातामा जम्मा गरी सो को सक्कल भौचर संलग्न राखी वा राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कम्तीमा ७५ दिनको म्याद भएको बैंक जमानत पत्र राखी निर्दिष्ट स्थानमा बोलपत्र दाताले सहिछाप गरी मिति २०८१।११।२५ गतेका दिन १२:०० बजे भित्र बोलपत्र पेश गरी सक्नु पर्नेछ। पेश हुन आएका बोलपत्रहरु सोही दिनको १:०० बजे यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ। शर्त, बन्देज तथा थप जानकारीको लागि नगरपालिकाको सूचना पाटी/Website- shitagangamun.gov.np मा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**तपसील**

| सि. नं. | ठेक्का नं. आ.व. २०८१/०८२ | स्थान/क्षेत्र | परिमाण (घ.मि.) | न्युनतम ठेक्का अङ्क रु (मु.अ. कर बाहेक) | फारम खरिद दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 43-SM/R05/SQ/2081/082 | रनसिङ खोलाको बायाँ किनारा बेलदमार र जाबुनेबास क्षेत्रमा रहे को नदीजन्य पदार्थ | १९२९ | ५५०००० - | १०००\- | |
| २ | 44-SM/R06/SQ/2081/082 | खयरभट्टी खोलाको बायाँ किनारा दुम्सी आ.वि.को जग्गामा रहेको नदीजन्य पदार्थ | २५४१ | ७,२०,०००\- | १०००\- | |

*प्रमुख प्रशासकीय अधिकृत*

# तिलोत्तमा रुपन्देही सुपरलिगको सेमिफाईनल प्रवेश




तिलोत्तमा/भैरहवा, २४ माघ । तिलोत्तमा क्रिकेट क्लबले बुटवल राइनोजलाई पराजित गर्दै भैरहवामा जारी रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेको छ । प्रतियेगिता अन्तर्गत बिहीबार भएको 'ए' डिभिजनको खेलमा तिलोत्तमाले बुटवल राइनोजलाई ३ विकेटले पराजित गरी सेमिफाइनल पुगेको हो। प्रतियोगितामा यसअघि तिरुपति क्रिकेट क्लब सेमिफाइनल पुगिसकेको छ।

जितका लागि पाएको ६७ रनको सामान्य लक्ष्य तिलोत्तमाले १० ओभर २ बलमा ७ विकेट गुमाएर पूरा गर्यो । उसको जितमा सन्दीप यादवले १५ तथा कृष्ण भुसालले अविजित १५ र दिलसाद अलीले नटआउट १२ रनको योगदान गरे। बलिङमा बुटवल राइनोजका नितिन त्रिपाठी र इमरान शेषले २-२ तथा सुरज सारु र सुनिल गुरुङले १-१ विकेट लिए।

यसअघि भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको बुटवल राइनोजले निर्धारित ५० ओभरमा २८ ओभर १ बल खेल्दै सबै विकेट गुमाएर जम्मा ६६ रन बनाएको थियो । उसका लागि रोजन क्षेत्रीले सर्वाधिक १६ र सुमित बुढाथोकीले १० रन बनाए पनि अन्य ब्याटर भने चल्न सकेनन् । बलिङमा उसलाई सस्तैमा रोक्न तिलोत्तमाका आशुतोष पाण्डेले ३ तथा विपिन खत्री, कृष्ण कार्की र सागर भण्डारीले समान २-२ विकेट हात पारे । खेलमा आशुतोष पाण्डे प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगर नगरपालिकाको सहप्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले बताउनुभयो।

# लुम्बिनी निर्माण व्यवसायी शनिबार साधारणसभा गर्ने

तिलोत्तमा/बुटवल, २४ माघ । निर्माण व्यवसायीहरूको छाता संगठन लुम्बिनी निर्माण व्यवसायी संघ रुपन्देहिको १८ औं साधारणसभा माघ २६ गते शनिबार हुने भएको छ। संघकी अध्यक्ष मञ्जु भुषालका अनुसार लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेत नारायण आचार्यले सभाको उद्धाटन गर्ने कार्यक्रम छ । कार्यक्रममा जिल्लाका अन्य विशिष्ट व्यक्तिहरूसँगै निर्माण सगँ सम्बन्धित कार्यलयका प्रतिनिधि र व्यवसायी महासंघबाट पनि प्रतिनिधित्व रहनेछ। संघ स्थापनाको २८ वर्षको ईतिहासमा ऐतिहासिक साधारण सभा गर्न लागेको अध्यक्ष भुसालले बताउनुभयो । साधारण सभाको अवसर पारेर संघको गतिविधि समेटिएको "लुम्बिनी निर्माण स्मारिका" नामक पुस्तक प्रकाशन गरी सोही दिन विमोचन गरिने भुसालले बताउनुभयो। त्यस्तै, संघका संस्थापक कार्यसमिति र पूर्व अध्यक्षहरूलाई पनि सम्मान गर्ने कार्यक्रम पनि तय गरिएको छ।

अध्यक्ष भुसालले साधारणसभामा नियमित निर्णयहरूका साथै हाल निर्माण क्षेत्रमा देखिएका समस्याहरू विशेषगरी निर्माण सामग्रीको अस्वाभाविक मूल्यवृद्धि, निर्माण व्यवसायीहरूको वक्यौता भुक्तानीलगायत विषयमा पनि पत्रकारको कलमद्धारा सहयोग गर्न अनुरोध गर्नुभयो । अध्यक्ष भुसालले लुम्बिनी निर्माण व्यवसायी संघ यस क्षेत्रमा क्रियाशील निर्माण व्यवसायीहरूको प्रमुख संगठन भएको दाबि गरिन उहाले व्यावसायिक गतिविधिसँगै संघले सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सामाजिक कार्यहरू गर्दै आएको र हाल संघले शववाहन सञ्चालन, विपद् व्यवस्थापन सहयोग, सार्वजनिक संरचनाहरूको निर्माण तथा संरक्षणजस्ता विविध सामाजिक क्रियाकलापहरूमा सक्रिय भूमिका खेल्दै आएको बताउनुभयो।

निर्माण व्यवासायीहरुको जिल्ला गतसंगठनका हिसाबले रुपन्देही ठूलो संगठन हो जस्को मुख्य कार्यालय भैरहवामा र शाखा कार्यालय बुटवलमा रहेको छ । हाल संघमा ५०० भन्दा बढी निर्माण व्यवसायीहरू आबद्ध रहेको महासचिव प्रीतम रौनियारले जानकारी गराउनुभयो । संघको साधारणसभा रुपन्देहीको मणिग्रामस्थित विश्राम वाटिकामा हुने बताइएको छ।




# दीप बोर्डिङका करिव चारसय विद्यार्थीलाई क्यान्सर विरुद्धको एचपिभी खोप

तिलोत्तमा/बुटवल, २४ माघ । बुटवल सुखखानगरमा रहेको दीप बोर्डिङ हाई स्कुलमा क्यान्सर विरुद्धको एचपिभी खोप लगाइएको छ । विद्यालयमा अध्ययनरत कक्षा-६ देखि कक्षा-१० सम्मका झण्डै चार सय विद्यार्थीहरुलाई बिहीबार एक कार्यक्रमकाविच क्यान्सर विरुद्धको एभपिभी खोप लगाईएको हो ।

विद्यालयमा केन्द्र स्थापना गरेर बुटवल उपमहानगरपालिकाका प्रतिनिधि तथा स्वास्थ्यकर्मीहरुले विद्यार्थीलाई खोप लगाइ दिएका हुन् ।



कार्यक्रममा बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले दीप बोर्डिङको कक्षा-६ मा अध्ययनरत छात्रा संस्कृती शर्मादाई खोप कार्ड हस्तान्तरण गरेर खोप केन्द्रको शुभारम्भ गर्नु भएको हो ।

उहाँले पछिल्लो समय सर्ने भन्दापनि दीर्घरोगहरुका समस्या विकराल बन्दै गएको उल्लेख गर्दै एक प्रकारको दीर्घरोग क्यान्सरका विरुद्ध लगाइने खोपबाट कुनै पनि किशोरी छुट्न नहुने बताउनुभयो । उहाँले स्वास्थ्यसँगै शिक्षामा पनि बुटवललाई हवका रुपमा विकास गर्ने योजनामा रहेको बताउँदै सवै नगरबासीलाई स्वास्थ्यको पहुँचमा पुर्याउन नगरले वडावडामा स्वास्थ्य योजनाका कार्यक्रमलाई निरन्तरता दिदै आएको बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख सावित्रादेवी अर्यालले महिलामा देखिने पाठेघरको मुखको क्यान्सर जटिल बन्दै गएको बताँउदै त्यसबाट जोगिनकालागि स्कुलभित्र र स्कुल बाहिर रहेका कुनै पनि किशोरीहरुलाई खोप नछुटाउन आग्रह गर्नुभयो । विद्यालयका प्राचार्य टिकाराम न्यौपानेले सरकारले किशोरी विद्यार्थीहरुलाई भविष्यमा हुन सक्ने पाठेघरको मुखको क्यान्सरबाट जोगाउन थालेको अभियान प्रशंसनीय रहेको बताउनुभयो । बुटवल नगरपालिकाले विद्यालयसँगको सहकार्यमा खोप अभियानलाई विद्यालयमै संचालन गरेकोमा धन्यवाद समेत दिनुभयो ।

कार्यक्रममा बुटवल वडानम्बर ८ का वडाध्यक्ष यज्ञप्रसाद पंगेनी, बुटवलका स्वास्थ्य शाखा प्रमुख युवाराज पाण्डे, विद्यालयका सहप्राचार्य ज्ञानु थापालगायतले सबै नागरिक स्वास्थ्यका बारेमा सचेत हुँदै खोपको कार्यक्रममा सरिक हुनु पर्ने बताउनुभयो । विद्यालयका शिक्षक कृष्ण भुसाल र विजय सापकोटाले संचालन गर्नु भएको सोही कार्यक्रमको अवसर पारेर केहीदिन अगाडि सिद्धार्थ बोर्डिङ स्कुलले आयोजना गरेको जिल्ला स्तरीय वक्तृत्वकला प्रतियोगितामा प्रमुख हुने कक्षा नौकी छात्रा आशिका तामाङ्गलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको विद्यालयका उपप्राचार्य कलाधर अर्यालले जानकारी दिनुभयो ।

# लुम्बिनी अस्पतालले रचनात्मक कार्यक्रम गरेर वार्षिकोत्सव मनाउँदै

तिलोत्तमा/बुटवल, २४ माघ । लुम्बिनी प्रादेशिक अस्पताल बुटवलले आफ्नो ११५ औं वार्षिकोत्सव विविध अतिरिक्त क्रियाकलापसहित मनाउने भएको छ। वार्षिकात्सव सफल पार्नका लागि अस्पताल व्यवस्थापन समितिको अध्यक्ष अजमान श्रेष्ठको संयोजकत्वमा मूल आयोजक समिति गठन गरी विभिन्न उपसमितिहरु गठन गरिएको छ । आगामी फागुन १५ गते मूल समारोह आयोजना गर्नेगरी तय गरिएका कार्यक्रमहरुसँगै अस्पतालको ईतिहास, वर्तमान अवस्था र आगामी योजनाहरुलाई समेटेर स्मारिका प्रकाशन गरिने भएको छ। यसैगरी अतिरिक्त क्रियाकलाप अन्तरगत अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङस्टाफ, कर्मचार



लगायतका विभिन्न विभागहरु बीच फुटवल प्रतियोगिता, भलिबल प्रतियोगिता, क्रिकेट प्रतियोगिता, म्याराथ प्रतियोगिता आयोजना गरिने भएको छ । यसैगरी रक्तदान कार्यक्रम, फलफूल वितरण कार्यक्रम, सरसफाई कार्यक्रम तथा अस्पतालको स्वास्थ्य अवस्थाका विषयमा अन्तरक्रिया लगायतका कार्यक्रम तय गरिएको अस्पतालका प्रशासकीय प्रमुख राजन केसीले जानकारी दिनुभयो ।

वार्षिकोत्सवका पूर्वसन्ध्यामा रुपन्देहीका पत्रकार र अस्पताल परिवार बीच मैत्रीपूर्ण फुटवल प्रतियोगिता समे आयोजना गरिने भएको छ भने वार्षिकोत्सवको दिन फागुन १५ गते विहान विभिन्न सचेतनामूलक प्लेकार्डसहित प्रभातफेरीको आयोजना गरी बुटवल नगर परिक्रमा गर्ने कार्यक्रम तय भएको प्रशासकीय प्रमुख केसीले जानकारी दिनुभयो ।

वार्षिकोत्सव सफल बनाउनका लागि मूल आयोजक समितिमा अस्पतालका अध्यक्ष श्रेष्ठको संयोजकत्वमा अस्पताल व्यवस्थापन समिति सदस्य लक्ष्मी खनाल, अस्पतालका मेडिकल सुपेरिटेन्डेन डा. इन्द्र ढकाल, प्रशासकीय प्रमुख राजन केसी, ठगेश्वर घिमिरे, नेहा थापा, रुपलाल पाण्डे, चिरञ्जिवी घिमिरे र पदम खनाल सदस्य हुनुहुन्छ। यसैगरी स्मारिकाप्रकाशनकालागिज्ञानहरी मरासिनीको संयोजकत्वमा नेत्र राना, वर्षा थापा, राजन केसी, खगेश्वर घिमिरे, रुपलाल पन्थी, चिरञ्जिवी घिमिरे, पदम खनाल र डि.बी. सुस्लिङ सदस्य रहनेगरी समिति गठन गरिएको छ । मूल समारोहको लुम्बिनी प्रदेशमा मुख्यमन्त्री चेतनारायण आचार्यले उद्धाटन गर्ने कार्यक्रम रहेको छ।




मणि मुकुन्द प्रकाशन प्रा. लि. द्वारा प्रकाशित नव तिलोत्तमा दैनिकका लागि अध्यक्षः जनक कोइराला, प्रबन्ध सञ्चालक/सम्पादकः माधव नेपाल, फोन नं. विज्ञापनः ०७१-४३८५७४, समाचारः ०७१-४३८५७५ फ्याक्स नं. ०७१-४३८५७२ कार्यालयः कालिकानगर-१० बुटवल, इमेलः tilottamadainik@gmail.com, मुद्रणः तिलोत्तमा प्रेस, बुटवल रुपन्देही